http://www.ird.gov.np

# कर बुलेटिन
Tax Bulletin

आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ४, अङ्क ६, २०७३ पुस, Year 4, Issue 6, January 2017

## राजस्व संकलन ४२ प्रतिशतले वृद्धि

काठमाडौं। आर्थिक वर्ष २०७३/०७४ पुस मसान्तसम्मको राजस्व संकलनमा गत वर्षको सोही अवधिको तुलनामा ४२ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०७३/०७४ पुस महिनासम्मको राजस्व संकलनको लक्ष्य रु. १ खर्व ६ अर्व ३२ करोड १ लाख ६६ हजार रहेकोमा रु. १ खर्व १२ अर्व ४८ करोड ४२ लाख ५४ हजार संकलन भई लक्ष्यको

२०७३/०७४ पुस महिनासम्मको प्रगति (रू हजारमा)

| शीर्षक | वार्षिक लक्ष्य | पुस महिनासम्मको | | प्रगती प्रतिशतमा | वृद्धिदर |
|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | | |
| आयकर | ११४१८९८३० | ५०२४३५३९ | ५६२०३०६४ | ११२ | १५१ |
| वहालकर | ३७५२४१० | १६१३५४७ | १९७८९२३ | १२३ | १३२ |
| व्याजकर | ९५८०१०० | ४६९४२४२ | ३७०४१०२ | ७९ | १०७ |
| आयकर जम्मा | १२७५२२३४० | ५६५५१३२८ | ६१८८६०८९ | १०९ | १४७ |
| मू.अ.कर | ५९३२८७५४ | २८४७७७९८ | २८६००२९२ | १०० | १२५ |
| अन्त:शुल्क | ४५०२५२३२ | २०२६१३५७ | २१०८४३९४ | १०४ | १६० |
| शिक्षा सेवा शुल्क | ७५६२४८ | ४३८६२६ | ३८४९७२ | ८८ | १३१ |
| स्वास्थ्य सेवा शुल्क | ९६८९४३ | ५९१०५७ | ५२८५०७ | ८९ | १३१ |
| जम्मा | २३३६०१५१७ | १०६३२०१६६ | ११२४८४२५४ | १०६ | १४२ |

तुलनामा १०६ प्रतिशतको प्रगति भएको छ। शिर्षकगत रूपमा हेर्दा आयकर तर्फ रु. ६१ अर्व ८८ करोड ६० लाख ८९ हजार, मूल्य अभिवृद्धि कर रु. २८ अर्व ६० करोड २ लाख ९२ हजार र अन्त:शुल्क तर्फ रु. २१ अर्व ८ करोड ४३ लाख ९४ हजार संकलन भएको छ। सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ १०९ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ १०० प्रतिशत र अन्तशुल्क तर्फ १०४ प्रतिशत हो। त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमश: रु. ३८

बाँकी १० पेजमा....

## यसभित्र

मासिक समीक्षा सम्पन्न — पृष्ठ ४

Tax base of Every-thing — पृष्ठ ९

कर सवै कुराको भर — पृष्ठ ११

# अवैध मदिरा नियन्त्रण गर्न विभाग सक्रिय



अवैध मदिरा नियन्त्रण समन्वय समितिको बैठकमा महानिर्देशक श्री चुडामणि शर्मा

काठमाडौं। आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री राजेन्द्रकुमार पौडेलको संयोजकत्वमा २०७३ पुस १९ गते अवैध मदिरा नियन्त्रण समन्वय समितिको बैठक आन्तरिक राजस्व विभागमा सम्पन्न गरिएको छ। अवैध मदिरा र राजस्व छली गरेर बेचिने मदिरा नियन्त्रण गर्न मदिरा उत्पादक, वितरक र नियामक निकायहरुबीच सो कार्यक्रमको आयोजना गरिएको हो।

कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले अन्त:शुल्क ऐन, मदिरा ऐन, नियममा भएका व्यवस्थाहरुलाई परिपालना गर्न सचेतनामूलक कार्यक्रम मार्फत सचेतनामा अभिवृद्धि गरी सुधार गर्ने कार्यमा जोड दिइने र ऐन, नियममा भएका व्यवस्थालाई अटेर गरी मदिराजन्य पदार्थको उत्पादन, पैठारी, ओसारपसार तथा बिक्री वितरण गरेको पाइएमा हदैसम्मको कारवाही गरिने जानकारी गराउनुभयो। राजस्व असुली, जनस्वास्थ्य र सामाजिक सदाचारितासँग प्रत्यक्ष सरोकार रहने मदिराजन्य पदार्थहरुको अवैध कारोवार नियन्त्रण गर्न सम्पूर्ण प्रयास गरिने कुरा समेत उल्लेख गर्नुभयो। नियम र कानूनको परिपालना गरी वैध रुपमा कारोवार गर्ने करदातालाई पर्न गएका व्यवहारिक समस्या समाधान गर्न आवश्यक पर्ने सहयोग प्रदान गर्न विभाग सदैव तयार रहेको र व्यवसायीसँग पनि विभागले सदैव सहकार्य र सहयोगको अपेक्षा गरेको बताउनुभयो।

श्री शर्माले अवैध मदिरा अन्तर्गत दुई प्रकारका कारोवार समाहित हुने र उक्त दुई प्रंकृतिका कारोवार अन्तर्गत उद्योगबाट उत्पादित मदिराको विना इजाजत तथा अवैध रुपमा गरिने विक्री वितरण र स्थानीय स्तरमा उत्पादित घरपाला मदिरा पर्दछन् भन्नुभयो। उहाँले सरोकारवाला निकायहरुले

बाँकी ३ पेजमा....



# महानिर्देशकको सन्देश

**आर्थिक वर्षको पहिलो छ महिना राजस्व असुलीको हिसावले उत्साहजनक अवस्था रहेको भएता पनि कार्यगत परिसूचकहरुमा उल्लेख भएका कार्यहरु प्रभावकारी रुपमा सम्पन्न गर्न हामी सामु चुनौति रहेको छ । बजार अनुगमनलाई सशक्त बनाउने, विल विजक लिने दिने प्रवृत्तिको विकास र अनुगमन बढाउने, अभिलेखिकरणलाई संस्थागत गर्ने, ब्यावसायिक कार्य योजना अनुसारको कामलाई प्राथमिकतामा राखि कार्य सम्पादन गर्ने कार्य सम्पादन सम्झौता बमोजिमका कार्य पूरा गर्नेतर्फ सवैले आफ्नो ध्यान केन्द्रित गर्नु हुनेछ भन्ने विश्वास लिएको छु ।**

आ.व. २०७३/७४ को प्रथम छ महिना पूरा भएको छ । आर्थिक वर्षको प्रथम छ महिनासम्मको राजस्व असुलीको अवस्था उत्साहजनक रहेको छ । यस अवधिसम्मको राजस्व असुलीको लक्ष्य रू १ खर्व ६ अर्व ३२ करोड १ लाख ६६ हजार रहेकोमा रू १ खर्व १२ अर्व ४८ करोड ४२ लाख ५४ हजार संकलन भई लक्ष्यको तुलनामा १०६ प्रतिशत प्रगति हासिल भएको छ । शीर्षकगत रुपमा हेर्दा आयकर तर्फ रू. ६१ अर्व ८८ करोड ६० लाख ८९ हजार, मूल्य अभिवृद्धि कर रू. २८ अर्व ६० करोड २ लाख ९२ हजार र अन्त:शुल्क तर्फ रू. २१ अर्व ८ करोड ४३ लाख ९४ हजार संकलन भएको छ । सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ १०९ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ १०० प्रतिशत र अन्तशुल्क तर्फ १०४ प्रतिशत रहेको छ । शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमश: रू. ३८ करोड ४९ लाख ७२ हजार र रू. ५२ करोड ८५ लाख ७ हजार संकलन भएको छ । शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा ८८ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा ८९ प्रतिशत संकलन भएको छ । गत वर्षको तुलनामा आयकर वृद्धिदर १४७ प्रतिशत, मूल्य अभिवृद्धि कर वृद्धिदर १२५ प्रतिशत, अन्तशुल्कको वृद्धिदर १६० प्रतिशत, स्वास्थ्य सेवा कर वृद्धिदर १३१ प्रतिशत र शिक्षा सेवा शुल्कको वृद्धिदर १३१ प्रतिशत रहेको छ । आगामी दिनमा राजस्व लक्ष्यसँग असुलीको प्रतिशत वृद्धिलाई निरन्तरता दिंदै अन्य कार्यगत लक्ष्यहरू हासिल गर्ने तर्फ समग्र कर प्रशासन क्रियाशील भएर लाग्नु पर्ने देखिन्छ । विभागबाट तोकिएका सम्पूर्ण कार्यगत लक्ष्यहरू पूरा गर्न सकेमा राजस्व असुलीको लक्ष्य बमोजिम प्रगति हासिल गर्न सकिने हुन्छ ।

आर्थिक वर्षको पहिलो छ महिना राजस्व असुलीको हिसावले उत्साहजनक अवस्था रहेको भएता पनि कार्यगत परिसूचकहरुमा उल्लेख भएका कार्यहरू प्रभावकारी रूपमा सम्पन्न गर्न हामी सामु चुनौती रहेको छ । बजार अनुगमनलाई सशक्त बनाउने, विल विजक लिने दिने प्रवृत्तिको विकास र अनुगमन बढाउने, अभिलेखीकरणलाई संस्थागत गर्ने, व्यावसायिक कार्य योजना अनुसारको कामलाई प्राथमिकतामा राखी कार्य सम्पादन गर्ने कार्य सम्पादन सम्झौता बमोजिमका कार्य पूरा गर्नेतर्फ सवैले आफ्नो ध्यान केन्द्रित गर्नु हुनेछ भन्ने विश्वास लिएको छु ।

हाल आगामी आर्थिक वर्ष २०७४/०७५ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट बनाउने कार्यको थालनी भई सकेको अवस्था छ । यसमा विभाग र अन्तर्गत कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरूले कामका सन्दर्भमा आइपरेका व्यवहारिक असहजता तथा कर प्रशासनसँग सम्बन्धित ऐन, नियममा सुधार गर्नु पर्ने विषयका सम्बन्धमा राय सुझाव तयार गरी विभागमा पठाउन सवैमा अनुरोध गर्दछु । साथै कार्यालयहरूलाई कार्यालय सुधारका लागि के कस्तो बजेट आवश्यकता परेको छ सोको योजना तथा कार्यक्रम लागत स्टमेट सहित स्पष्ट रूपमा माग गर्न निर्देश गर्दछु ।

राष्ट्र सेवक कर्मचारीको सवैभन्दा ठूलो गहना भनेको अनुशासनमा रही प्रभावकारी रूपमा सेवा प्रवाह गर्ने नै हो । तसर्थ कार्यालय प्रमुखले आफू र आफू मातहतका कर्मचारीलाई उच्च मनोवलका साथ काम गर्न प्रोत्साहन गर्ने, सदाचार पद्दतिलाई आचरण र व्यवहारमा आत्मसात गरी गराई तोकिएको कार्य जिम्मेवारी कुशलतापूर्वक पूरा गर्ने तर्फ अग्रसर रहन निर्देश गर्दछु ।

अन्त्यमा राजस्व असुलीको लक्ष्य पूरा गर्न सहयोग गर्नुहुने उद्योगी, व्यवसायी, पेशाकर्मी, कर्मचारी लगायत सवैमा हार्दिक धन्यवाद दिंदै आगामी दिनमा पनि कर प्रशासनलाई सवैको सहयोग रहिरहने अपेक्षा गर्दछु ।

२०७३, पुस

**चुडामणि शर्मा**
महानिर्देशक

## १ पेजको बांकी...

अवैध मदिरा नियन्त्रणका सन्दर्भमा प्रचार प्रसार, माइकिङ जस्ता कार्यक्रम गरेर जनचेतना जगाउनु पर्ने बताउनुभयो। सूचना र सुराकीलाई प्रभावकारी परिचालन गर्नुपर्ने बताउनुहुँदै सम्बन्धित निकायबीच समन्वय गरेर कार्यक्षेत्रमा परिचालित हुनुपर्ने उहाँको निर्देशन थियो।

महानिर्देशक श्री शर्माले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, विभागले तोकेका राजमार्गका क्षेत्रमा मदिराजन्य व्यवसाय गर्नेले मदिरा र सूर्तीजन्य वस्तु वाहेक अरु व्यवसाय गर्न नपाउने बताउनुहुँदै सो सम्बन्धमा आक्रामक हिसावले अनुगमनलाई तिव्रता दिने जानकारी दिनुभयो।

श्री शर्माले विक्रेताले सवै कर समावेश भएको अन्तिम मूल्यसूची सवैले देख्ने गरी राख्नुपर्ने बताउनुहुँदै देशका विभिन्न भागमा हुने मेला, प्रदर्शनी, महोत्सवमा सहभागी हुने व्यवसायीले अनिवार्य रुपमा मूल्य अभिवृद्धि कर (भ्याट) मा अस्थायी दर्ता हुनुपर्ने बताउनुभयो। कानुनको परिपालनाका लागि मूल्य अभिवृद्धि कर (भ्याट) मा दर्ता नभएकालाई इजाजत नदिन प्रमुख जिल्ला अधिकारी तथा स्थानीय प्रशासन समेतलाई अनुरोध गरी सकिएको बताउनुभयो। शर्माले सुरक्षा निकायको भूमिका सह्रानीय रहेको बताउनुहुँदै अवैध मदिरा नियन्त्रणका लागि प्रहरीले विभाग अन्तर्गतका कार्यालयहरुसँग समन्वय गरेर काम गर्न आग्रह गर्नुभयो।

उपमहानिर्देशक श्री राजेन्द्रकुमार पौडेलले मदिरा व्यवसायीहरुबाट उठेका जायज विषयहरुलाई नीतिगत रुपमा सुधार गर्दै लैजाने र अन्तःशुल्क टिकटमा रहेको समस्यालाई समाधान गर्दै जाने बताउनुभयो।

सो कार्यक्रममा आन्तरिक राजस्व विभागका निर्देशक श्री नारायणप्रसाद भण्डारीले अवैध मदिरा नियन्त्रण सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। कार्यपत्रमा अन्तःशुल्क निर्देशिका २०६८ (परिमार्जित संस्करण २०७३) को कार्यान्वयन सम्बन्धी, मदिरा बिक्री वितरण तथा नियमन सम्बन्धी, अन्तःशुल्क स्टिकरको प्रयोग र अनुगमन सम्बन्धी, मदिराको अन्तःशुल्क चुहावट नियन्त्रण सम्बन्धी र बजार अनुगमनसम्बन्धी विषयमा प्रकाश पार्नु भएको थियो। कार्यक्रममा आन्तरिक राजस्व विभागका निर्देशक श्री राजकुमार खतिवडाले अन्तःशुल्क निर्देशिका, २०६८ (परिमार्जित संस्करण, २०७३) मा संशोधन भएका विषयमा प्रकाश पार्नु भएको थियो।





अवैध मदिरा नियन्त्रण समन्वय समितिको वैठकमा सहभागीहरु

सुरक्षा निकायका प्रतिनिधिले ट्राफिक व्यवस्थापनका कारण कार्यालय समयमा सामान बोक्ने सवारी साधनलाई केही असहज स्थिति भएको र त्यसलाई व्यवस्थित गर्ने प्रयासमा आफूहरु रहेको जानकारी दिनु भएको थियो।

कार्यक्रममा सहभागीहरुले व्यवसाय सञ्चालन प्रकृयामा सरलीकृत गरिदिन आग्रह गरेका थिए। समाजमा अवैध मदिरा उत्पादन किन गर्न हुन्न र गरे के कारवाही हुन्छ भन्ने विषयमा जनचेतनामूलक कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने उहाँहरुको भनाइ थियो।

उक्त कार्यक्रममा आन्तरिक राजस्व विभागका निर्देशक श्री पदमकुमार श्रेष्ठ, आपूर्ति व्यवस्था विभागका निर्देशक श्री लक्ष्मण श्रेष्ठ, राजस्व अनुसन्धान विभागका निर्देशक श्री गोविन्दप्रसाद सुवेदी, कम्पनी रजिष्ट्रार कार्यालयका उपरजिष्ट्रार श्री सन्तोषकुमार दाहाल, प्रहरी उपरीक्षक राजेशलाल कर्ण, सशस्त्र प्रहरी बलका सशस्त्र प्रहरी उपरीक्षक श्री फणिन्द्रराज पौडेल, नेपाल मदिरा उत्पादक संघका अध्यक्ष श्री रवि केसी, नेपाल पेय पदार्थ तथा चुरोट उत्पादक संघका अध्यक्ष रमेश श्रेष्ठ, नेपाल खुद्रा व्यापार संघका अध्यक्ष श्री पवित्र बज्राचार्य, नेपाल चेम्बर अफ कमर्सका श्री सन्तोषकुमार पाण्डे, नेपाल चेम्बर अफ कमर्सका कर राजस्व सभापति श्री कृष्णमान श्रेष्ठ लगायत अन्य मदिरा उत्पादक तथा व्यवसायीहरुको उपस्थिति रहेको थियो।

## बहालधनीहरू करको दायरामा आउने सम्बन्धी आन्तरिक राजस्व विभागको अत्यन्त जरुरी सूचना

आयकर ऐन, २०५८ बमोजिम प्रत्येक प्राकृतिक व्यक्तिले आफुले प्राप्त गरेको बहाल आयको दश प्रतिशतले हुने रकम बहालकर बापत राजस्व दाखिला गर्नुपर्ने र व्यावसायिक कारोबार गर्नेले बहाल रकम भुक्तानी गर्दा दश प्रतिशत रकम कट्टा गरी राजस्वमा दाखिला गरेपछि मात्र बाँकी रकम घरधनीलाई भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। घर, बंगला, पसल, कम्प्लेक्स, डिपार्टमेन्टल स्टोर्स, अपार्टमेन्ट, जमीन, मेशिनरी, औजार लगायतका सम्पत्ति भाडामा लगाई बहाल आय आर्जन गरिरहेका व्यक्तिहरूलाई करको दायरामा ल्याउन आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूबाट कर्मचारीहरू घरदैलोमा खटाइसकिएका छन्। बहालयोग्य सम्पत्ति बहालमा लगाई आय आर्जन गरिरहेका तर बहालकर नतिरेका बहालधनीहरूले बहाल आय घोषणा फाराम भरी बहालकर बुझाई बहाल कर पुस्तिका अनिवार्य रुपमा लिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# मासिक समीक्षा सम्पन्न



मासिक समीक्षा कार्यक्रममा महानिर्देशक श्री चुडामणि शर्मा, उपमहानिर्देशकहरु श्री राजेन्द्रकुमार पौडेल र श्री धनीराम शर्मा

काठमाडौं । आन्तरिक राजस्व विभागद्वारा काठमाडौं उपत्यकास्थित विभाग अन्तर्गतका कार्यालय प्रमुख तथा प्रमुख कर अधिकृतहरु समेतको सहभागितामा पुस १९ गते मंसिर महिनासम्मको राजस्व संकलनको स्थितिका सम्बन्धमा समीक्षा कार्यक्रम सम्पन्न भएको छ। विभागमा आयोजित कार्यक्रममा महानिर्देशक श्री चुडामणि शर्माले समीक्षा गर्नुको उद्देश्य अहिलेको अवस्था थाहा पाएर आगामी कार्य योजना बनाउनु रहेको बताउनुभयो । श्री शर्माले बेरुजुलाई ४० प्रतिशत पुऱ्याउन निर्देशन दिनुहुँदै वक्यौता असुली प्रकृयालाई अगाडि बढाउन कार्यालय प्रमुखहरुलाई निर्देशन दिनु भएको थियो । कार्य सम्पादनका क्रममा आइ परेका अप्ठेराहरुको पहिचान गर्न निर्देशन दिनुहुँदै श्री शर्माले ईंटा, मदिरा लगायतका वस्तुको पहिचान गरेर अनुगमनलाई अगाडि बढाउन निर्देशन दिनुभयो । आफूलाई म को हुँ भनेर पहिचान गरी व्यवहारमा सुधार गर्न निर्देशन दिनुभयो । करदाताको संरक्षण गर्ने काम तपाइहरुको हो भन्नुहुँदै जे काम हुन्छ त्यसको अभिलेख चुस्त राख्न, अभिलेखहरुलाई विद्युतीकरण गर्दै लैजान र कार्यालयको सरसफाईमा विशेष ध्यान दिन महानिर्देशक श्री शर्माले निर्देशन दिनु भएको थियो ।

उपमहानिर्देशक श्री राजेन्द्रकुमार पौडेल अन्तःशुल्क व्यवस्थापनका सम्बन्धमा अनुगमनलाई प्रभावकारी बनाउन निर्देशन दिनु भएको थियो ।

उपमहानिर्देशक श्री धनिराम शर्माले कार्यालयहरुको प्रयास राम्रो रहेको बताउनुहुँदै अझै आधा समय भएकाले अनुगमन र अनुसन्धानलाई प्रभावकारी बनाउन निर्देशन दिनुभयो । सूचना प्रविधिको क्षेत्रमा धेरै सुधार हुदै गएको बताउनुहुँदै कार्य प्रणालीलाई सहज बनाउन सूचना प्रविधिको प्रयोग गर्न निर्देशन दिनु भएको थियो । श्री शर्माले अनुसन्धानले बजारमा प्रभाव छाड्न नसकेको बताउनुहुँदै दर्ता भएको छ कि छैन, विवरण बुझाएको छ कि छैन, यस्ता विषयहरु अनुसन्धानबाट पत्ता लगाउनु पर्ने उहाँको भनाइ थियो ।

उपमहानिर्देशक श्री प्रेमशरण श्रेष्ठले राजस्वको योगदान पुरा गर्न आइटीको महत्वपूर्ण योगदान हुने बताउनुहुँदै विभागले पाँचौ राष्ट्रिय कर दिवसको अवसरमा शुरुवात गरेको मोबाइल एप्लिकेशन र एसएमएस चलाउन करदातालाई अभिप्रेरित गर्नुपर्ने उहाँको भनाई थियो ।

विभागका निर्देशक श्री अर्जुनप्रसाद भट्टराईले मंसिर महिनासम्मको राजस्व संकलनका स्थितिका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यपत्रमा मंसिर महिनामा सञ्चालन भएका कार्यहरुमा मातहत सबै कार्यालयमा अनुगमन टोली गठन गरी अनुगमनको कार्यलाई तीव्रता दिईएको, Mobile Apps र SMS सञ्चालन गरिएको र सो को प्रयोग प्रभावकारी भएको बताउनुभयो। राजस्व असुलीलाई प्राथमिकतामा राखी किस्ता दाखिला गराउने, वक्यौता असुली, म्याद थप भएका करदाताको विवरण पेश गराउने, SMS Service, प्रचार प्रसार, अनुगमन गर्ने कार्य प्रभावकारी रुपमा सञ्चालन गरिएको, बेरुजु, वक्यौता, संकलनलाई प्राथमिकता दिई सबै कार्यालयले सबै कर्मचारीलाई पछिल्लो एक हप्ता असुलीको कार्य गर्ने गरी निर्देशन गरिएको तथा राजस्व संकलनको प्रभावकारीताको लागि उपत्यकामा निर्देशकको टोली गठन गरी कार्यालयहरुमा पठाइने समेत उल्लेख गर्नुभयो। त्यसैगरी आन्तरिक राजस्व विभागका प्राथमिकताहरुमा अर्थ मन्त्रालयले दिएको राजस्व लक्ष्य पुरा गर्नुपर्ने, विभागबाट तोकिएको वार्षिक कार्यात्मक लक्ष्य पुरा गर्नुपर्ने, वक्यौता असुलीलाई प्रभावकारी वनाई असुलीको कार्य अगाडि बढाउनु पर्ने, मू.अ.कर तर्फ बढी क्रेडिट रहेका करदाताको अनुगमन तथा परीक्षण गर्ने कार्यलाई तिव्रता दिई सम्पन्न गर्नु पर्ने बताउनुभयो । बेरुजुको लक्ष पुरा गर्नका लागि प्राथमिकता दिई कार्य गर्नु पर्ने, वास्थ्य सेवा कर र शिक्षा सेवा शुल्क ठूला गैरसरकारी संस्थाहरु लगायत अन्य क्षेत्रको यथाशिघ्र अनुगमनलााई प्रभाबकारी बनाउनु पर्ने, आयकरतर्फको असुलीमा अग्रिम कर कट्टीको योगदान बढाउने, विभागीय लक्ष्य तथा बुढानिलकण्ठ घोषणापत्रले उल्लेख गरे अनुसार आयकर तथा मू.अ.करको Nonfiler घटाउनु पर्ने, कार्यसम्पादन सम्झौतामा उल्लेख भएअनुसार अन्तिम तहको कानुनी कारवाहीतर्फ प्रगति हासिल गर्ने विषय उल्लेख गर्नु भएको थियो ।

कर परीक्षण तथा अनुसन्धान, अग्रिम कर कट्टी परीक्षण, चालु वर्षको कर परीक्षणलाई प्राथमिकता दिई राजस्व संकलनमा योगदान पुऱ्याउने गरी कार्य अगाडि बढाउनु पर्ने, चुहावट नियन्त्रण गर्न Enforcement को कार्यलाई प्रभावकारी बनाउन अनुसन्धानमूलक कर परीक्षणलाई प्राथमिकतामा राखी कार्यसम्पादन गर्नु पर्ने, महानिर्देशक र कार्यालय प्रमुखसंग भएको कार्यसम्पादन सम्झौतामा उल्लेख भएका विषयहरुलाई प्राथमिकता दिई कार्य गर्नु पर्ने, घरजग्गासम्वन्धी पूजीगत लाभकरको अभिलेख व्यबस्थापन तथा अनुगमन कार्यलाई प्रभावकारी बनाउनु पर्ने त्यस्तै स्थायी लेखा नम्बर तथा मू.अ.कर दर्ताको दरखास्त फारामको ढाँचा परिमार्जन गर्न Know Our

बांकी १० पेजमा...



# अवकाश कोष र योगदान सम्बन्धी कानूनी व्यवस्था



**पदम कुमार श्रेष्ठ**
आन्तरिक राजस्व विभाग

### पृष्ठभूमि

प्राकृतिक व्यक्तिले कुनै रोजगारी, पेशा वा व्यवसाय गर्न सक्षम नहुने अवस्थामा पुगी रोजगारी, पेशा वा व्यवसायबाट अवकाश लिए पछि भुक्तानी प्राप्त हुने निश्चितताका लागि अवकाश योगदान रकम स्वीकार गर्ने र सो रकम लगानी गर्ने उदेश्यले खडा गरिएको कोषलाई अवकाश कोष भन्ने गरिन्छ । आयकर ऐन, २०५८ तथा आयकर नियमावली, २०५९ ले अवकाश कोषको अवधारणा सम्बन्धमा विस्तृत रुपमा व्याख्या गरेको छ। आयकर ऐन, २०५८ को परिच्छेद १२ मा अवकाश वचत सम्बन्धी विशेष व्यवस्था गरी अवकाश कोष, अवकाश योगदान, अवकाश भुक्तानी र अवकाश कोषको कर विषयमा स्पष्ट गरेको छ।

### अवकाश कोष सम्बन्धी विद्यमान कानुनी व्यवस्था

आयकर ऐन २०५८, आयकर नियमावली २०५९, आयकर निर्देशिका २०६६ (संशोधन २०६८ समेत) र विभागीय परिपत्रहरुको अधिनमा रही अवकाश कोष सम्बन्धमा वर्णन गरिएको छ।

### (क) अवकाश कोष

अवकाश कोष भन्नाले प्राकृतिक व्यक्ति वा निजको आश्रितलाई अवकाश भुक्तानी प्रदान गर्ने प्रयोजनको लागि रकम स्वीकार गर्ने र सो रकम लगानी गर्ने उदेश्यले स्थापना भएको निकाय/संस्था/कोषलाई बुझाउंदछ।

आयकर ऐन, २०५८ को दफा २ को खण्ड (३) बमोजिम "अवकाश कोष" भन्नाले निकायको हिताधिकारी प्राकृतिक व्यक्ति वा निजको आश्रितलाई कोषबाट अवकाश भुक्तानी प्रदान गर्ने प्रयोजनको लागि अवकाश योगदान रकम स्वीकार गर्ने र सो रकम लगानी गर्ने उदेश्यले मात्र स्थापना भएको निकाय सम्झनु पर्छ। अवकाश कोष मात्र परिचालन गर्ने उदेश्यले संचालन गरिएको निकायलाई अवकाश कोष भनिन्छ । यस्तो अवकाश कोषले निम्नानुसारको कार्य गर्न पाउँछ:

१) सो निकायमा प्राकृतिक व्यक्तिले वा निजको तर्फबाट अन्य कसैले अवकाश योगदान जम्मा गर्न ल्याएमा त्यस्तो योगदान जम्मा लिने,
२) यसरी जम्मा गर्ने व्यक्ति अर्थात हिताधिकारीलाई वा निजको आश्रितलाई निज अवकाश भए पछि वा निजको मृत्यु भए पछि वा ५८ वर्ष पुगेमा अवकाश भुक्तानी गर्ने, र
३) जम्मा भएको अवकाश योगदान स्वीकृत लगानीमा लगानी गर्ने ।

**अवकाश कोष पनि दुई प्रकारका हुन्छन्:**

स्वीकृत अवकाश कोष जस्तैः आन्तरिक राजस्व विभागबाट अवकाश कोष संचालन गर्न इजाजत लिएका निकाय, कर्मचारी संचयकोष र नागरिक लगानी कोषले संचालन गरेको अवकाश कोष।

**अस्वीकृत अवकाश कोष जस्तैः** आन्तरिक राजस्व विभागबाट ईजाजत नलिई संचालन गरिएको अवकाश कोष ।

### अवकाश कोषको स्वीकृति लिने सम्बन्धी व्यवस्था

अवकाश कोषको स्वीकृति सम्बन्धमा आयकर ऐन, २०५८ को दफा ६३, आयकर नियमावली, २०५९ को नियम २० मा स्पष्ट व्यवस्था गरिएको छ। आयकर ऐन, २०५८ को दफा ६३ ले अवकाश कोषको स्वीकृतिका लागि निम्नानुसार व्यवस्था गरेको छ :

१) अवकाश कोष राख्न चाहने वासिन्दा व्यक्तिले अवकाश कोष राख्ने स्वीकृतिको लागि विभाग समक्ष निवेदन दिएमा विभागले स्वीकृति प्रदान गर्नेछ।
तर नागरिक लगानी कोष ऐन, २०४७ बमोजिम स्थापना भएको नागरिक लगानी कोषले अवकाश कोष राख्न चाहेमा त्यस्तो कोषले र कर्मचारी संचय कोष ऐन, २०१९ बमोजिम स्थापना भएको कर्मचारी संचय कोषले अवकाश कोष संचालन गरेमा त्यस्तो कोषको लागि स्वीकृति लिनु पर्ने छैन।
२) स्वीकृत अवकाश कोषको हिताधिकारी प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा सो कोषमा गरेको अवकाश योगदान आफ्नो करयोग्य आयको गणना गर्दा निर्धारणयोग्य आयको एक तिहाई वा तीन लाख जुन घटी हुन्छ सो घटाई पाउन दावी गर्न सक्ने छ।

आयकर नियमावली, २०५९ को परिच्छेद ५ मा अवकाश बचत सम्बन्धी विशेष व्यवस्था गरेको छ । आयकर नियमावलीको नियम २० मा अवकाश कोषको स्वीकृति सम्बन्धमा व्यवस्था गरेको छ । उक्त नियममा भएको व्यवस्था निम्नानुसार रहेको छ:

१) अवकाश कोषको स्वीकृतिको लागि ऐनको दफा ६३ बमोजिम निवेदन प्राप्त भएमा विभागले देहायका शर्तहरु पालना गर्नु पर्ने गरी स्वीकृति प्रदान गर्न सक्नेछ:
(क) अवकाश कोषमा जम्मा गरिएको वा अवकाश कोषलाई प्राप्त हुने रकम स्वीकृत लगानीमा मात्र लगानी गर्नुपर्ने, "स्वीकृत लगानी" भन्नाले
(क) प्रचलित कानून बमोजिम स्थापना भएको नागरिक लगानी कोषमा गरिएको लगानी ,
(ख) नेपाल सरकारले जारी गरेको ऋणपत्रमा गरिएको लगानी ,
(ग) बैंक सम्बन्धी प्रचलित कानून अन्तर्गत संचालन भएका बैंकमा गरिएको लगानी,
(घ) बैंकसंग सह वित्तियकरणको आधारमा गरिएको लगानी, र
(ङ) आफ्ना शेयर होल्डर बाहेकका हिताधिकारीलाई गरिएको लगानी ।
(क१) चुक्ता पुंजी कम्तीमा एक करोड रुपैया हुनुपर्ने,
(क२) अवकाश कोष संचालन गर्ने निकायको हिताधिकारी कामदार वा कर्मचारीको संख्या कम्तीमा एक हजार हुनु पर्ने,
(ख) अवकाश कोषले कर्मचारी वा कामदारको तर्फबाट रोजगारदाताबाट अवकाश योगदान स्वीकार गर्ने भएमा सो कोषको व्यवस्थापन रोजगारदाता भन्दा स्वतन्त्र रुपमा भएको हुनुपर्ने,
तर सोही कोषका कर्मचारी वा कामदारको हकमा यो खण्ड लागू हुने छैन ।
(ग) अवकाश योगदान रकम आषाढ महिनामा खर्च लेखेको भए खर्च लेखेको एक महिना भित्र र अन्य महिनाको हकमा खर्च लेखेको पन्ध्र दिन भित्र अवकाश कोषमा जम्मा गर्नुपर्ने,
(घ) अवकाश कोषको हिताधिकारीलाई देहायका अवस्थामा मात्र भुक्तानी गर्न सकिने :–
(१) कर्मचारी वा कामदार सेवाबाट अवकाश प्राप्त गरेमा ,
(२) हिताधिकारीको उमेर अन्ठाउन्न वर्ष

पुगेमा, वा

(३) हिताधिकारीको मृत्यु भएमा वा निज स्थायी रुपमा अपांग भएमा ।

(ङ) महालेखा परीक्षकको कार्यालयबाट स्वीकृति पाएको लेखापरीक्षकबाट सो अवकाश कोषको वार्षिक रुपमा लेखा परीक्षण गराउनु पर्ने ।

(४) विभागबाट स्वीकृति प्राप्त गरेको स्वीकृत अवकाश कोषले शर्तहरु पालना नगरेमा सो कोषलाई दिएको स्वीकृति विभागले रद्द गर्न सक्ने छ ।

**देहायका रकमका सम्बन्धमा देहाय बमोजिम हुनेछः**

(क) ऐन प्रारम्भ हुनुभन्दा अघिका आय वर्षहरुमा कर्मचारी वा कामदारको संचय कोष वा नागरिक लगानी कोषमा जम्मा भएको सांवा व्याज लगायतका रकममा र सो अवधिसम्म पाकेको उपदान तथा संचित विदा वापतको रकममा कर छुट हुने , र

(ख) ऐन प्रारम्भ हुंदाका वखत सेवामा रहेका कर्मचारी वा कामदारलाई सेवाबाट अवकाश हुंदा निजहरुको सेवा शर्त सम्बन्धी नियम अनुसार भुक्तानी हुने एक लाख असी हजार रुपैयासम्मको औषधी उपचार खर्च रकमलाई सो कर्मचारी वा कामदारको आयमा समावेश नगरिने ।

(ख) अवकाश भुक्तानीहरु

आयकर ऐन, २०५८ को दफा २ (ङ) बमोजिम "अवकाश भुक्तानी" भन्नाले देहायका व्यक्तिलाई दिइने भुक्तानी सम्फनु पर्छः

(१) प्राकृतिक व्यक्तिले अवकाश लिएको अवस्थामा निजलाई दिईने भुक्तानी, वा

(२) प्राकृतिक व्यक्तिको मृत्यु भएको अवस्थामा निजको आश्रितलाई दिईने भुक्तानी ।

**अवकाश भुक्तानी :**

❖ प्राकृतिक व्यक्तिले रोजगारी, पेशा वा व्यवसायबाट अवकाश लिए पछि गरिने भुक्तानी,

❖ प्राकृतिक व्यक्तिको मृत्यु भएमा निजले पाउने रकम निजको आश्रितलाई दिइने भुक्तानी,

❖ सामान्यतया अवकाश भुक्तानीका उदाहरणमा स्वीकृत वा अस्वीकृत अवकाश कोषबाट गरिने अवकाश भुक्तानी, निवृतिभरण, उपदान, संचयकोष, विदाको सट्टा नगद, औषधी उपचार खर्च दीर्घ सेवा सुविधा, कल्याणकारी कोष जस्ता अवकाशको अवस्थामा प्राप्त हुने यस्तै प्रकारका अन्य भुक्तानी पर्दछ ।

❖ यस्ता अवकाश भुक्तानीहरु नेपाल सरकारबाट, स्वीकृत अवकाश कोषबाट, स्वीकृत नलिएको अवकाश कोषबाट वा रोजगारदाताबाट अन्य अवकाश भुक्तानी हुन सक्दछ ।

❖ नेपाल सरकारबाट गरिने अवकाश भुक्तानीः यसमा नेपाल सरकारको कर्मचारी सेवा शर्त बमोजिम सरकारी सेवाबाट निवृत भएको अवस्थामा गरिने भुक्तानीहरु जस्तैः उपदान, औषधी उपचार खर्च, बिदा वापतका रकम, निवृतिभरण आदि ।

❖ स्वीकृत अवकाश कोषबाट गरिने अवकाश भुक्तानीः नागरिक लगानी कोष तथा कर्मचारी संचयकोषले संचालन गरेको अवकाश कोष वा विभागबाट स्वीकृति लिई संचालन गरिएको अवकाश कोषबाट देहायका अवस्थामा गरिने भुक्तानीलाई अवकाश भुक्तानी मानिन्छ ।

✓ कर्मचारी वा कामदार सेवाबाट अवकाश प्राप्त गरेमा,

✓ हिताधिकारीको उमेर अन्ठाउन्न वर्ष पुगेमा, वा

✓ हिताधिकारीको मृत्यु भएमा वा निज स्थायी रुपमा अपांग भएममा ।

❖ स्वीकृति नलिएको अवकाश कोषबाट गरिने अवकाश भुक्तानीः अवकाश भएको अवस्थामा भुक्तानी दिने उदेश्य रहेको तर विभागबाट भने स्वीकृत नलिई संचालित अवकाश कोषबाट प्राकृतिक व्यक्ति अवकाश भएको अवस्थामा गरिने भुक्तानी स्वीकृत नलिएको अवकाश कोषबाट गरिने अवकाश भुक्तानी मानिन्छ ।

❖ अन्य अवकाश भुक्तानीः नेपाल सरकार र अवकाश कोषबाट गरिने भुक्तानी बाहेक अवकाशको अवस्थामा गरिने अरु भुक्तानीलाई अन्य अवकाश भुक्तानी मानिन्छ। जस्तैः कुनै एक निकायले आफनो कर्मचारी अवकाश भए पछि भुक्तानी गर्ने संचित विदा वापतको रकम वा औषधी उपचार खर्च , स्वेच्छिक अवकाश योजना अन्तर्गत कर्मचारीलाई भुक्तानी गरिने एक मुष्ठ तलव रकम आदि भुक्तानीहरु ।

माथि उल्लेख भए अनुसार कर्मचारी वा कामदार सेवाबाट अवकाश हुनु अगाडि प्राप्त गर्ने भुक्तानी, जस्तै Long Service Gratuity, Leave Encashment, Medical Expenses जस्ता भुक्तानीहरु सेवाकालमा नै प्राप्त गरेको अवस्थामा त्यस्ता भुक्तानीहरु अवकाश भुक्तानी अन्तर्गत पर्दैनन र त्यस्ता भुक्तानी जहिले प्राप्त भएको हो सोही समयको रोजगारीको आयमा समावेश गर्नु पर्दछ । त्यस्तै अवकाश योगदान गर्ने कर्मचारी बाहेक अन्य प्राकृतिक व्यक्ति (हिताधिकारी) ले अन्ठाउन्न वर्ष उमेर नपुग्दै वा मृत्यु वा स्थायी रुपमा अपांग भएको अवस्थामा बाहेक अन्य अवस्थामा भुक्तानी प्राप्त गरेमा त्यस्ता भुक्तानी अवकाश भुक्तानी मनिनेछैन र त्यस्तो रकम भुक्तानी प्राप्त भएको समयमा आयमा समावेश गर्नुपर्ने हुन्छ । तर अवकाश कोषको स्वीकृत विनियम बमोजिम अवकाश कोषबाट यस्ता हिताधिकारीले लिएको कर्जा रकम कोषको लगानी हुने हुंदा त्यस्तो कर्जा रकमलाई भुक्तानी मानिदैन । यसरी कोषबाट आफना हिताधिकारीलाई लगानी गरेको रकम व्याज सहित वा निर्व्याजी रुपमा फिर्ता गर्नुपर्दछ । कोषमा योगदान भएको निजको रकम तथा त्यसमा प्राप्त प्रतिफललाई अवकाश भुक्तानी रकम मानी सोमा कर कट्टी गर्नुपर्दछ ।

एक भन्दा बढी अवकाश कोष व्यवस्थापकसंग अवकाश योगदान रकम जम्मा गरेको अवस्थामा ऐनको दफा ६५ को उपदफा (१) को खण्ड (ख) अनुसार सीमा भन्दा बढी छुट लिन सक्ने सम्भावना भएको हुंदा कामदार तथा कर्मचारीको हकमा रोजगारदातालाई आफ्नो योगदान रहेको अर्को अवकाश कोषको बारेमा घोषणा गर्न लगाउने र अवकाश हुंदाको अवस्थामा सोही व्यहोरा उल्लेख गरी सम्बन्धित अर्को अवकाश कोष व्यवस्थापकलाई जानकारी गराउनु पर्नेछ । रोजगारकर्ता बाहेक अन्य प्राकृतिक व्यक्तिको हकमा निजबाट घोषणा लिई सोको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा दिनुपर्ने दायित्व कोष व्यवस्थापकको हुनेछ ।

आयकर ऐन, २०५८ को दफा ६५ ले अवकाश भुक्तानीहरु सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरेको छः

(१) कुनै प्राकृतिक व्यक्तिको कुनै स्वीकृत अवकाश कोषमा रहेको हितबाट भएको वा नेपाल सरकारबाट भएको अवकाश भुक्तानी आय गणना गर्ने प्रयोजनको लागि देहाय बमोजिम हुनेछः

(क) सो कोषमा रहेको हित वापत सो कोषले गरेका अवकाश भुक्तानीहरुलाई आयमा समावेश गर्नुपर्नेछ , र

(ख) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको

भए तापनि यदि त्यस्तो भुक्तानी एकमुष्ठ रुपमा गरिएको छ भने यसरी गरिएको भुक्तानी रकमबाट सो भुक्तानी रकमको पचास प्रतिशत वा रु पांच लाख रुपैया मध्ये जुन बढी हुन्छ सो रकम घटाई हुने भुक्तानीलाई सो प्राकृतिक व्यक्तिको गैर व्यवसायिक करयोग्य सम्पत्तिको निसर्गबाट प्राप्त लाभ मानिनेछ ।

(२) कुनै प्राकृतिक व्यक्तिको कुनै स्वीकृति नलिएको अवकाश कोषमा रहेको हितबाट भएको लाभ गणना गर्ने प्रयोजनका लागि देहाय बमोजिम हुनेछः

(क) बासिन्दा व्यक्तिबाट रकम भुक्तानी गरिएकोमा अन्तिम रुपमा हुने कर कट्टीको रुपमा सो हिताधिकारी उपर सो रकममा कर लाग्नेछ , र

(ख) गैर बासिन्दा व्यक्तिले रकम भुक्तानी गरेकोमा सो हिताधिकारीको आय गणना गर्दा सो रकम समावेश गर्नुपर्नेछ ।

स्पष्टिकरणः यस दफाको प्रयोजनको लागि स्वीकृति नलिएको अवकाश कोषमा रहेको हित वापत भएको लाभ भन्नाले स्वीकृति नलिएको अवकाश कोषलाई सो कोषमा रहेको हित वापत हिताधिकारी प्राकृतिक व्यक्तिबाट बुझाइएको अवकाश योगदानहरुको रकमभन्दा सो कोषबाट सो व्यक्तिको हित वापत सो व्यक्तिलाई गरिएको अवकाश भुक्तानी बढी भए यस्तो बढी भए जतिको रकम सम्झनु पर्छ । तर, हिताधिकारीको योगदान नहुने कुनै कोष (नन् कन्ट्रीबुटरी फण्ड) बाट भएको भुक्तानीलाई स्वीकृति नलिएको अवकाश कोषमा रहेको हित वापत भएको लाभ मानिने छैन ।


### (ग) अवकाश भुक्तानीमा लाग्ने कर सम्बन्धी व्यवस्था

आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा १ बमोजिम बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको अवकाश भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ । तर नेपाल सरकार वा स्वीकृत अवकाश कोषबाट भएको अवकाश भुक्तानीको हकमा दफा ६५ को उपदफा (१) को खण्ड (ख) बमोजिम गणना गरिएको लाभमा पांच प्रतिशतका दरले कर कट्टी गर्नुपर्नेछ ।

दफा ८८ को उपदफा २ बमोजिम बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको स्वीकृति नलिएको अवकाश कोषबाट लाभ भुक्तानी गर्दा लाभ रकमको पांच प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ ।

### अवकाश भुक्तानीमा लाग्ने कर

| भुक्तानीकर्ता | कर लाग्ने रकम | करको दर |
|---|---|---|
| स्वीकृत अवकाश कोष | ५० प्रतिशत वा ५ लाख जुन बढी कट्टा गरी बाँकी | ५ प्रतिशत |
| नेपाल सरकार | ५० प्रतिशत वा ५ लाख जुन बढी कट्टा गरी बाँकी | ५ प्रतिशत |
| स्वीकृति नलिएका अवकाश कोष (वासिन्दा व्यक्ति) | लाभ (भुक्तानी-योगदान) | ५ प्रतिशत |
| स्वीकृति नलिएका अवकाश कोष (गैर वासिन्दा व्यक्ति) | लाभ (भुक्तानी-योगदान) | आयमा समावेश हुने |
| रोजगारदाता (नेपाल सरकार बाहेक) Non Contributory Fund | कूल भुक्तानी | १५ प्रतिशत |




### अन्तिम रुपमा कर कट्टी हुने भुक्तानीः

आयकर ऐन, २०५८ को दफा ९२ बमोजिम निम्न अवकाश भुक्तानीलाई अन्तिम कर कट्टी हुने भुक्तानीको रुपमा मानिने छः

✓ वासिन्दा व्यक्तिले तिरेको स्वीकृति नलिएको अवकाश कोषको हित वापत भुक्तानी गरेको लाभ ,

✓ नेपाल सरकार वा स्वीकृत अवकाश कोष वा स्वीकृति नलिएको अवकाश कोषबाट भुक्तानी गरिएको अवकाश भुक्तानीहरु समेत सबै प्रकारका अवकाश भुक्तानीहरु (नियमित रुपमा भुक्तानी हुने निवृतिभरण बाहेक)

### (घ) अवकाश योगदान रकम

आयकर ऐन, २०५८ को दफा २ (च) बमोजिम "अवकाश योगदान रकम" भन्नाले अवकाश भुक्तानीको व्यवस्था वा सोको भविष्यमा गरिने व्यवस्थाको लागि अवकाश कोषमा गरिएको भुक्तानी सम्झनु पर्छ । अवकाश योगदान रकम भन्नाले प्राकृतिक व्यक्तिले वा सम्बद्ध व्यक्ति अर्थात रोजगारकर्ता हकमा रोजगारदाताले जम्मा गरी दिएको अवकाश योगदान रकमलाई समेत जनाउंछ । आयकर नियमावली, २०५९ को नियम २१ मा अवकाश योगदानको सीमा तोकिएको छ । उक्त नियम अनुसार कुनै आय वर्षमा स्वीकृत अवकाश कोषको हिताधिकारी प्राकृतिक व्यक्तिले अवकाश कोषमा अवकाश योगदान गर्दा तीन लाख रुपैया वा निजको निर्धारणयोग्य आयको एक तिहाईमा जुन घटी हुन्छ सो रकमसम्म आफ्नो करयोग्य आयबाट घटाउन सक्नेछ ।

### (ङ) अवकाश कोषमा कर

आयकर ऐन, २०५८ को दफा ६४ मा अवकाश कोषमा कर सम्बन्धी निम्नानुसार व्यवस्था गरेको छ ।

(१) अवकाश कोषको आय निर्धारण गर्ने प्रयोजनका लागि यस ऐन बमोजिम समावेश हुने वा कट्टी हुने रकमहरु कोषको आय गणना गर्दा समावेश वा कट्टी गर्नुपर्नेछ ।

तर

(क) सो कोषमा प्राप्त योगदान सो कोषको आम्दानी हुने छैन र त्यस्ता योगदानलाई गणनामा समावेश गरिने छैन ।

(ख) अवकाश भुक्तानीहरु सो कोषको खर्च हुने छैन र त्यस्ता भुक्तानीलाई आयको गणना गर्दा कट्टी गर्न पाइने छैन ।

(ग) कुनै हिताधिकारीको अवकाश कोषमा रहेको हित सो कोषको दायित्व हुने छैन ।

(२) स्वीकृत अवकाश कोषको आयमा कर लाग्ने छैन ।

(घ) कुनै स्वीकृत अवकाश कोष त्यस्तो कोषको रुपमा नरहेमा त्यस्तो कोषले खण्ड (क) बमोजिमको रकमबाट खण्ड (ख) बमोजिमको रकम घटाई हुने रकममा अनुसूची १ को दफा २ को उपदफा (१) मा उल्लिखित करको दर अनुसार हुन आउने रकम कर बुझाउनु पर्नेछ :

(क) सो कोषबाट स्वीकृत अवकाश कोषको रुपमा स्वीकृति प्राप्त गरेको मिति देखि मान्यता समाप्त भएको मितिसम्मको अवधिवीच सोकोषमा जम्मा भएको सबै अवकाश योगदानहरु र उपदफा (२) लागू नभएको भए करयोग्य आय मानिने सबै आय रकम,

(ख) सो कोषबाट स्वीकृत अवकाश कोषको रुपमा स्वीकृति प्राप्त गरेको मितिदेखि मान्यता समाप्त भएको मितिसम्मको अवधिवीच सो कोषले भुक्तानी दिएको सबै अवकाश भुक्तानी रकम ।

**अवकाश कोषको स्थायी लेखा नम्बर सम्बन्धमा विभागको मिति २०५९/८/२ को परिपत्र:**

"अवकाश कोष संचालन गर्ने निकायलाई दर्ता गराउन सरल प्रक्रिया अपनाउन दर्ता गराउने र स्वीकृति लिने कुरालाई दर्ता भएपछि नियमानुसार हुने नै हुंदा अवकाश कोष, आयकर ऐन, २०५८ अनुसार निकाय सरह हुने भएको र निकायले PAN लिनुपर्ने तर यस्तो निकाय दर्ता भएको अथवा नभएको पनि हुन सक्ने ऐनले व्यवस्था गरेको हुंदा अन्यत्र दर्ता नभएको भएपनि अवकाश कोषको विधान वा नियमावली सहित छुट्टै PAN मांग भएमा कार्यालयले स्थायी लेखा नमबर (PAN) दिने" भनी मिति २०५९/७/२८ मा निर्णय भएको व्यहोरा परिपत्र गरिएको ।

अवकाश कोष संचालनको लागि भनी आवेदन गर्ने संस्था/निकायलाई स्थायी लेखा नम्बर प्रदान गरिदिने व्यवस्था गर्नु भनी मिति २०६२/२/२२ मा परिपत्र गरिएको ।

अवकाश कोषको विधान वा विनियममा हुनुपर्ने न्यूनतम प्रावधान तथा शर्तहरु: विभागको मिति २०५९/८/११ को परिपत्र बमोजिम अवकाश कोषको विधान वा विनियममा अनिवार्य रुपमा रहनुपर्ने न्यूनतम प्रावधान तथा शर्तहरु निम्नानुसार रहेको छ :

१. अवकाश संचालन गर्ने कार्यविधि र व्यवस्थापन स्पष्ट हुनुपर्ने ।

२. अवकाश कोषमा जम्मा गरिएको वा अवकाश कोषलाई प्राप्त हुने रकम तल उल्लेखित लगानीहरुमा मात्र लगानी गर्नुपर्ने ।

(क) प्रचलित कानून बमोजिम स्थापना भएको नागरिक लगानी कोष

(ख) नेपाल सरकारले जारी गरेको ऋण पत्र ।

(ग) बैंक सम्बन्धी प्रचलित कानून अन्तर्गत संचालन भएका बैंक ।

(घ) बैंकसंग सह वित्तियकरणको आधारमा गरिएको लगानी ।

(ङ) आफ्ना शेयरहोल्डर बाहेकका हिताधिकारीलाई गरिएको लगानी ।

३. अवकाश कोषले कर्मचारी वा कामदारको तर्फबाट रोजगारदाताबाट अवकाश योगदान स्वीकार गर्ने भएमा सो कोषको व्यवस्थापन रोजगारदाता भन्दा स्वतन्त्र रुपमा भएको हुनुपर्ने ।

४. आयकर प्रयोजनको लागि अवकाश कोषको कम्पनी, साझेदारी वा ट्रष्टको रुपमा स्वतन्त्र अस्तित्व हुने भएकोले अवकाश कोषले अलग्गै/ छुट्टै स्थायी लेखा नम्बर लिनुपर्ने ।

५. अवकाश योगदान रकम आषाढ महिनामा खर्च लेखेको भए खर्च लेखेको १ महिना भित्र र अन्य महिनाको हकमा खर्च लेखेको १५ दिन भित्र अवकाश कोषमा जम्मा गर्नुपर्ने ।

६. अवकाश कोषको हिताधिकारीलाई देहायको अवस्थामा मात्र अवकाश भुक्तानी गर्न सकिने ।

(क) कर्मचारी वा कामदार सेवाबाट अवकाश प्राप्त गरेमा ।

(ख) हिताधिकारीको उमेर छड वर्ष पुगेमा वा

(ग) हिताधिकारीको मृत्यु भएमा वा निज स्थायी रुपमा अपांग भएमा ।

७. अवकाश कोषले आफ्नो छुट्टै लेखा हिसाब किताब राख्नु पर्ने ।

८. महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत पाएको लेखा परीक्षकबाट सो अवकाश कोषको वार्षिक रुपमा लेखा परीक्षण गराउनु पर्ने ।

९. अवकाश कोषले आयकर ऐन, दृण्छड अनुसार आफ्नो आय विवरण पेश गर्नुपर्ने ।

१०. कुनै आय वर्षमा स्वीकृत अवकाश कोषको हिताधिकारी प्राकृतिक व्यक्तिले अवकाश कोषमा योगदान गर्दा तीन लाख रुपैया वा निजको निर्धारण योग्य आयको एक तिहाईमा जुन घटी हुन्छ सो रकमसम्म आफ्नो करयोग्य आयबाट घटाउन सकिने गरी अवकाश योगदानको सीमा तोकिएको ।

**स्वीकृत अवकाश कोषको छानविन गर्न निर्देशन**

विभागको मिति २०६४/९/२ को परिपत्रबाट ४९ वटा निकायलाई स्वीकृत अवकाश कोषको रुपमा स्वीकृति प्रदान भएको सूचि संलग्न राखी त्यस कार्यालय अन्तर्गत पर्ने स्वीकृत अवकाश कोषहरुले आयकर नियमावली २०५९ को नियम २० को स्पष्टीकरणमा उल्लेख भएका क्षेत्रहरुमा लगानी गरे नगरेको र कार्यालय अन्तर्गत पर्ने अवकाश कोषहरुले कर्मचारी कामदार अवकाश पछि भएको भुक्तानीमा अग्रिम कर कट्टी गरी दाखिला गरे नगरेको सम्बन्धमा छानविन गर्न निर्देशन दिईएको रहेछ ।

**उपसंहार**

अवकाश कोष संचालन देखि अवकाश भुक्तानीमा लाग्ने कर गणना सम्बन्धमा आयकर ऐन, नियम, निर्देशीका र विभागीय परिपत्रहरुमा विभिन्न उदाहरण सहित व्याख्या गरिएको छ । तथापी विभिन्न समयमा अवकाश भुक्तानीमा कर गणना सम्बन्धमा सोधनी भई आई रहेको अवस्था विद्यमान पाइएकोले अवकाश कोष संचालन देखि अवकाश भुक्तानीमा कर कट्टीका विषयलाई सम्बोधन गर्ने गरी छुट्टै निर्देशिका बनाई कर व्यवहारमा एकरुपता ल्याउन जरुरी देखिएको छ ।

**सन्दर्भ सामाग्री:**

आयकर ऐन, २०५८
आयकर नियमावली, २०५९
आयकर निर्देशीका, २०६६ (सं.स.)
विभागीय परिपत्रहरु

# Tax base of everything

**Alisa Lamichhane**
Global College of Management

'Taxes are the life blood of the government. No tax payer can be permitted to escape the payment of his just share of the burden of contributing them to states Arthur Vanderbilt (a chief justice of New jersey supreme court) expressing the prominence of tax and taxation in the country. Tax (From Latin word tax) is the financial charge or levy imposed upon a tax payer (an individual or a legal entity) by the state or functional equivalent of the state for funding the public expenditure. A failure to pay tax or evasion of or resistance to pay tax is usually punishable by the law.

'The earliest tax record know till now are in the form of day tablets in the ancients city of Lagash modern day in Iraq and these records are started approximately from 6000 BC' according to the publication on the Association of Munipal Assessors of New Jersey website.

The idea of introducing the income tax was originated in the early 1950 in Nepal when the multiparty democratic political system was started.

Primarily, there are two sorts of taxes i.e direct tax and indirect tax. Direct tax refers to the tax imposed upon the income and profit of the taxpayer not upon the goods and services. For instance, income tax, corporate tax etc. Similarly, indirect tax relates those taxes which are imposed upon the consumption, expenditure, privilege or right not on the income and profit of the taxpayer. For instance, sales tax, VAT, per unit tax. Direct and indirect both taxes are crucial to bring adequate revenue to the state for meeting the increasing public expenditure, promoting economic growth and maintaining economic stability. A well oriented system of taxation requires the combination of both direct and indirect taxes in different proportions.

'I do not want to pay tax anymore. It feels like pouring water on the sand and with no benefit at all. Throughout the years, we have been hearing the grumbling of the people reflecting their unwillingness to pay tax. But in veracity, the government highly requires tax for genuine purpose. And this is justified by the author and syndicated columnist Holly Sklar by stating 'Taxes are how we pool our money for public health and safety, infrastructure, research, services from the development of vaccines and internet to the public schools and universities transportation, courts, police, parks and safe drinking water .

Correspondingly, it is sheerly true that tax plays a very significant role for national development integrated with public welfare. It is all because, tax enables the government to utilize the substantial amount of revenue earned by imposing various direct and indirect taxes. Similarly, as taxation is based on the principle of equity, the rich and high class people have to pay more tax where as the lower income group is either exempted from taxation or has to pay low rate of taxes. Thus, taxation contributes to rebate the inequalities among the different class people in the society. When undesirable products like alcoholic product, tobacco product or any other such type of products are heavily taxed, the consumption of such products gets minimized which maximizes the social welfare. Besides, the certain amount of tax revenue is utilized for carrying out various social development activities like health, education, family welfare etc which plays a significant role in generating social welfare and social order in the society as a whole in the country.

Not only that, the development of infrastructure is also funded by the tax revenue. Along with this, taxation helps in increasing export and decreasing import as generally developing countries and even developed countries do not import tax on export but import duty is impose leaved on imported items. Thus taxation assists to earn foreign currency by promoting export.

Talking about inflation problem, tax is a very effective tool for the government to control inflation. If the inflation rate is high due to the high price of the essential goods then, the government can rebate the tax rate on those items which will control inflation. Alternatively, if the inflation is due to the excessive demand of the product then, the government can impose high tax upon them which will minimize its consumption and demand eventually, leading towards the control of inflation.

Furthermore, it would not be a mistake to say that certain amount of tax revenue is utilized for the national defense which is for our safety security and national sovereignty. So, we can evaluate our self how every aspect of post five progress is depended upon tax. That is why paying tax must give a feeling of responsibility of being a part of the country by contributing to the common good to every true patriot seeking the progress of the country for country dwellers.

Though it is well known to one and all that taxation is beneficial but one must not fall into oblivion that everything consists of brighter and darker aspect. Similarly, along with various pros, taxation also possesses some cons.

As a consequent of high tax levered on business 'taxes' become the top budget item on the ledger sheet of most of the businesses so they raise the price of the product to pay the tax which leads towards inflation.

Furthermore, some people might be prosperous in the past, they might have bought a big building many acres of land but no one knows the future, the same person could turn into a bankrupt having nothing left except a building even unable to pay tax. But if tax is not paid, right away government seizes the property and sells it at auction at sheriff sale. Thus, taxation even leads

the people towards homelessness.

Correspondingly high taxation may cause the economy to enter permanent recession. If the government tries to boost the economy by increasing its expenditure, the result is stagflation (simultaneous increase in inflation and unemployment) not prosperity. The only cure of stagflation is reduction in the tax rate and government spending. The permanent recession caused due to high tax decreases the government revenue as the production drops due to less demand caused by high price. It the government tries to recoup its loss by imposing more tax, production drops and the revenue drops even more. Thus, high taxation leads towards tower real government revenue collection.

Yes, it is inevitable that along with progressive changes, taxation is a base for negative impacts too. But this must not be a pretext for tax avoidance. Tax avoidance is the act of taking advantage of loopholes and lacuna in the tax provision. It prove to be very fatal for the national development and increment in quality of life of the people. We can compare the tax rate in Eastern and Western countries. The tax rate is much higher in the western countries than the Eastern and so is the development level. Here the lacuna is not only in the tax avoiders but also in the government as it is unable to accomplish its responsibility of providing maximum facilities to its citizen, like the western countries government does.

Especially, in the developing countries, the final hand of the offshoot of the extreme diligence, blood and toil and sweat of the people i.e. their income collected in the name of tax for the national and their development is the hand of the people in the authority who use that money for their personal benefit not national. Therefore, the incessant payment of tax but nil progressive change in the nation and the lives of people are also the major factors for encouraging tax avoidance.


However, every government and each citizen must not forget the words of Frederick the Great (King of Prussia). He has said 'No government can exist without taxation. The money must be necessarily levied on the people and the grand art consists of levying so as not to oppress. Government and citizen, both the parties are highly depended upon the proper utilization of tax revenue. So, both of them should always remember a principle in their mind and that is pay tax, utilized tax, be patriot.

In the 16th verse of 13th chapter in chanakya Niti Acharya chanakya has clearly specified the only factor making the difference between the human being and other creatures on the earth and that is intelligence of human being. Thus we human beings must utilize our intelligence, our sense and identity the value of tax, how we all are depended upon it and pay as well as utilize the tax in very genuine manner. So, following the words of chanakya and beeping the principle 'Pay tax, Utilize tax, be patriot in mind. Let all of us pay and utilize tax genuinely and let all of us venture forth for spreading the awareness of proper payment and utilization of tax. After all, our and our country's welfare and destruction both are depended upon tax so why not to be aware and take action to make tax a base only for the progressive change and welfare ?

*This essay is awarded by second prize on the ocasion of fifth National Tax day.*

## १ पेजको बांकी....

करोड ४९ लाख ७२ हजार र रु. ५२ करोड ८५ लाख ७ हजार संकलन भएको छ । शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा ८८ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा




८९ प्रतिशत संकलन भएको छ । गत वर्षको तुलनामा आयकर वृद्धिदर १४७ प्रतिशत, मूल्य अभिवृद्धि कर वृद्धिदर १२५ प्रतिशत, अन्तशुल्कको वृद्धिदर १६० प्रतिशत, स्वास्थ्य सेवा कर वृद्धिदर १३१ प्रतिशत र शिक्षा सेवा शुल्क वृद्धिदर १३१ प्रतिशत रहेको छ ।

## ४ पेजको बांकी....

Taxpayer अभियान मार्फत् करदाताको दर्ता अभिलेखलाई समेत परिमार्जन गरिएको र नयाँ करदाता दर्ता प्रकृयालाई अफ बढी व्यवस्थित वनाउनका लागि कार्य प्रारम्भ गरिएको समेत बताउनुभयो ।

'सबैका लागि स्थायी लेखा नम्बर' (PAN for All) भन्ने नारा सहित २०७४ असार सम्ममा थप तीन लाख करदातालाई करको दायरामा ल्याउन अभियान संचालन गर्नको लागि अभियान सुरु गरिएको, वार्षिक रु. ४० लाख भन्दा बढीको आय भएको व्यक्तिले अनिवार्य रुपमा आय विवरण पेश गर्ने व्यवस्थाका लागि वेभमा आधारित आय विवरण फाराम तयार गरी कार्यान्वयनमा ल्याईएको, ठूला करदाता कार्यालय र आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं. १, २ र ३ मा Non Filler एक प्रतिशत भन्दा कम बनाउने र अन्य कार्यालहयरुमा Non Filler को प्रतिशत एकल संख्यामा सीमित गर्ने गरी बिगत महिना देखि नै प्रत्येक कार्यालयबाट कार्य योजना बनाइ कार्य हुदै आएको बताउनुभयो । मलेनिकाको राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) विस्तार भएका थप ३५ जिल्ला अन्तर्गत पर्ने आन्तरिक राजस्व कार्यालय, करदाता सेवा कार्यालयमा RMIS विस्तार भएकोमा सो को राजस्व प्रशासनमा कायान्वयन भै सकेको, शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा करलाई सूचना प्रविधिको मूल प्रणालीमा आबद्ध गरिने र SITC Code लाई परिमार्जन गरी लागू गर्ने चरणमा पुगेको बताउनुभयो ।

# कर सबै कुराको भर

श्रीन सुवेदी / के.एम.सी. स्कूल

सामान्यत: कुनै पनि व्यक्ति वा निकायले सरकारलाई अनिवार्य रुपमा बुझाउने वित्तीय शुल्क नै कर हो। व्यक्ति वा निकायले सरकारद्वारा उपलव्ध गराइएका सुख सुविधा एवं साधनहरु उपभोग गरेवापत 'धन्यवाद' स्वरुप सरकारलाई तिर्नुपर्ने उक किसिमको दायित्व हो, कर । कर तिर्नु हरेक असल नागरिकको प्रथम दायित्व हो किन भने कर राष्ट्रको सञ्जिवनी हो र राष्ट्रिय सचेतनाको ढुकढुकी हो ।

कर व्यवस्थाको प्रचलन करिव ३००० वर्ष अगाडि चीनबाट शुरु भएको पाइन्छ । नेपालमा भने १९५९ बाट मात्रै कर प्रणाली सुदृढ भएको पाइन्छ । विकास निर्माणका कार्यहरु गर्न, दैनिक प्रशासन गर्न र जनहितका लागि सरकारलाई प्रशस्त स्रोतको आवश्यकता पर्दछ। यस प्रकारका कार्यहरुको परिपूर्ति गर्न करले सहायता गर्ने गर्दछ । त्यसैले कर तिर्नु हरेक नागरिकको कर्तव्य मानिन्छ । अन्यथा, कर नतिर्ने व्यक्ति वा निकायले प्रचलित कानुन अनुसार सजायको भागिदार बन्नु पर्दछ। तर, संकलन गरेको कर सबै जनताको साझा हितका लागि खर्च हुने भएकाले व्यक्ति वा निकायले आफूले तिरेको कर रकम बराबरको सुविधा दावी गर्न चाहिं पाउँदैन। यसरी करबाट नै राष्ट्रको आर्थिक विकास हुने गर्दछ ।

कर विभिन्न प्रकारका हुने गर्दछन् । भार हस्तान्तरणका आधारमा कर दुई वटा रहेका छन् : प्रत्यक्ष कर र अप्रत्यक्ष करस। सरकारले जुन व्यक्ति वा निकायलार्य कर तोक्छ, सो व्यक्तिले आफ्नो आय वा स्रोतबाट बुझाउने कर प्रत्यक्ष कर हो। यसैगरी सरकारले तोकेको व्यक्तिले आफ्नो करको भार अन्य व्यक्तिलाई हस्तान्तरण गर्छ भने त्यो अप्रत्यक्ष कर हो । हामीले तिर्ने गरेको आयकर, सम्पत्ति कर, व्याज कर इत्यादि प्रत्यक्ष कर हुन् भने मूल्य अभिवृद्धि कर, भन्सार महसुल, आदि अप्रत्यक्ष कर हुन्। सर्वसाधारणले सवारी साधन, खाद्य वस्तु जस्ता दैनिक आवश्यकता उपभोग गर्दा त्यसमा कर जोडिएरै आउँदछ ।

कर राष्ट्रको आर्थिक र सामाजिक स्थिति वृद्धि गर्ने एक स्थायी औजार हो । यसका साथसाथै सामाजिक न्याय कायम राख्ने, क्षेत्रीय असन्तुलन घटाउन, अनावश्यक वस्तुहरुको आयात वा उपभोग निरुत्साहित गर्न पनि करले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । तसर्थ करलाई एक महत्वपूर्ण बहुउद्देश्यीय संयन्त्रका रुपमा पनि लिन सकिन्छ ।

सरकारले परिचालन गर्ने (१ प्रतिशत देखि २५ प्रतिशत) आयकर, (२० प्रतिशतदेखि ३० प्रतिशत) करपोरेट कर, १३ प्रतिशत मूल्य अभिवृद्धि कर आदिद्वारा विभिन्न जनकल्याणकारी कार्यहरु सञ्चालन हुने गर्दछन् । यो करको महत्वपूर्ण उद्देश्य रहेको छ। बढ्दो सार्वजनिक खर्चलाई बढी भन्दा बढी कर उठाएर राष्ट्र सञ्चालन गर्ने पनि करको एक उद्देश्य रहेको छ । यस वाहेक करले जनताहरुको आर्थिक व्यवहार पनि नियन्त्रण गर्ने गर्दछ। उदाहरणका लागि सूर्ति, चुरोट, रक्सी जस्ता मदिराजन्यको आयातमा यदि चर्को भन्सार महसुल गरियो भने त्यस्ता ज्यानमारा पदार्थहरुका उपभोक्ताहरु कम हुन्छन् जसबाट राष्ट्र र जनतालाई नै फाइदा हुन्छ। यसैगरी करले राष्ट्रको आर्थिक वृद्धि गरेर धनी र गरीवबीच रहेको खाडललाई पनि पूरा गर्दछ । यसबाट त राष्ट्रको विकास र उन्नति निश्चित हुने गर्दछ।

आजको युगमा विकासको चुचुरोमा पुग्न सकेका अमेरिका, चीन, रुस, जर्मनी, क्यानडा जस्ता राष्ट्रहरु विकासको मार्गमा अगाडि बढेर सफलता चुम्नुको कारण केवल कर रहेको छ । संयुक्त राज्य अमेरिकामा संघीय कर १० प्रतिशत देखि ३९.३ प्रतिशत रहेको छ र स्थायी कर ० देखि १३.६ प्रतिशत सम्म रहेको पाइन्छ। सन् २०१३ मा प्रकाशन भएको एक तथ्यांकअनुसार संयुक्त राज्य अमेरिकामा रहेको क्यालिफोर्निया सहरमा एक उच्च आय भएको व्यक्तिले आफ्नो रकमको करिव ५२.८ प्रतिशत करको रुपमा बुझाउने गर्दछ । यसैगरी चीनको उदाहरण लिंदा २०११ को एक तथ्यांकले करिव ११.५ प्रतिशत राजस्व संकलन भएको जनाएको थियो । यसरी विकसित मुलुकहरुमा सचेत जनता र व्यवस्थित प्रशासनका कारणले गर्दा बढी भन्दा बढी राजस्व संकलन गर्ने गरिन्छ जसको सकारात्मक प्रतिफल देश र जनतामा पर्ने गर्दछ ।

हाम्रो देशको सन्दर्भमा चाहिं कर प्रणाली र राज्य व्यवस्था बीचको सम्बन्ध ठीक विपरित भएको जस्तो देखिन्छ। गरिवी, अशिक्षा, आदिका कारण जनता सचेत छैनन् । यसकारण जनता माझ करको अपार महत्ववारे चेतना जागेको छैन । इमान्दारितापूर्वक राज्यको उत्तरोत्तर प्रगतिका लागि कर बुझाउने प्रचलन साह्रै कम व्यक्तिहरुमा मात्र पाउन सकिन्छ। अधिकतम जनताहरु करको जिम्मेवारीबाट मुक्त हुन खोज्छन् जसले गर्दा नै देश विकासमा ढिला सुस्ती आइरहेको छ। जनचेतनाको अभावका साथसाथै बढ्दो भ्रष्टाचारले पनि जनताद्वारा दिइएको कर सही ठाउँमा प्रयोग हुन सकेको छैन । भ्रष्टाचारीतामा विश्वभरका १२० औं श्रेणी प्राप्त गरेको हाम्रो देशमा जनताहरुले आफ्नो आयबाट सरकारलाई हस्तान्तरण गरेको कर विभिन्न परियोजनाहरुमा खर्च हुन अगाडि नै देशद्रोहीहरुका गोजीमा पर्दछन् । सरकारी स्तरबाट नै यस प्रकारका हेलचेक्राई भएर नै वास्तवमा जनताहरु कर बुझाउन इच्छुक रहँदैनन् । जनताहरुलाई आशावद्ध बनाएरस विभिन्न परियोजनाहरु सञ्चालित भए पनि यस किसिमका क्रियाकलापका कारणले ती योजनाहरुको टुंगो लाग्दैनन् र जनताहरु कर तिर्नबाट निरुत्साहित हुन्छन्।

कर नै राष्ट्रको एक मात्र भर भएका कारण जनता र प्रशासन नै यसप्रति सचेत हुन आवश्यक छ। जनताले सर्वप्रथम करलाई कुनै बोझका रुपमा नलिएर आफ्नो जिम्मेवारीका रुपमा इमान्दारितासाथ बहन गर्नु पर्दछ । जनताका साथसाथै देशमा भ्रष्टाचार निर्मूलन गर्नुपर्छ । भ्रष्टाचार जस्तो कालो दागलाई प्रशासनबाट हटाएर जनतालाई उनीहरुले दिएको सहयोगको प्रतिफल सकारात्मक रुपमा बुझाउनु पर्दछ । नियम र कानुनको पालना गरेर जनता र राज्यबाट नै करको सदुपयोग हुने गर्दछ। यसरी आफ्नो आफ्नो जिम्मेवारी सही ढंगले निर्वाह गरेपछि मात्र देशको आर्थिक र सामाजिक स्थिति सुध्रिन सक्छ।

समग्रमा, कर एक स्वेच्छिक नभई अनिवार्य दायित्व हो । यसको सही प्रयोगबाट जनता र राष्ट्रको साझा भलो हुने गर्दछ। हरेक नागरिकले करद्वारा राज्यलाई बढाएको सहयोगी हातलाई राज्यले पनि सम्मान गऱ्यो भने देश विकासको सपना पूरा हुन सक्दछ किन भने करद्वारा नै सरकारले 'हुने' बाट 'नहुने' लाई खर्च गरेर सबैलाई समान महत्व दिन सक्दछ।

(पाँचौं राष्ट्रिय कर दिवसका अवसरमा आयोजित निवन्ध प्रतियोगितामा तृतीय स्थान हासिल गर्न सफल निवन्ध)

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

# एस.एम.एस. सेवा शुरु भएको सम्बन्धी सूचना

आन्तरिक राजस्व विभागले संचालनमा ल्याएको एस.एम.एस. प्रणालीबाट तपशील बमोजिमका सेवाहरु प्रदान गरिएका छन् । Registration info र Help बाहेक अन्य सेवाहरु सम्बन्धीत स्थायी लेखा नम्बरको एकीकृत कर प्रणालीमा रहेको मोबाइल नम्बरबाट मात्र उपलब्ध हुने व्यवस्था गरिएको छ ।

**तपशील**

| S.N. | Service Name | Method | Response |
|---|---|---|---|
| 1 | Registration Info (Available to public) | Type REG PAN and SMS to 32024(E.g. REG 304567895) | ABC Company Pvt. Ltd IT Reg: 2064.09.08 VAT Reg: 2064.09.08 |
| 2 | Estimate Return Status | Type EST PAN FiscalYear and SMS to 32024 (eg. EST 304567895 2071.072) | Estimated Returns For Period 2071.072 is Submitted. |
| 3 | IT Return Status | Type RETIT PAN FiscalYear and SMS to 32024(e.g. RETIT 304567895 2071.072) | IT Returns For FY 2071.072 Has Been Submitted. |
| 4 | VAT Return Status | type RETVAT PAN TaxYear PeriodType Period and SMS to 32024(e.g. RETVAT 304567895 2073 M 1) | VAT Returns For Period 2071 M 1Has Been Submitted. |
| 5 | Excise Return Status | type RETEX PAN TaxYear PeriodType Period and SMS to 32024 (e.g. RETEX 304567895 2071 M 1) | Excise Returns For Period 2071 M 1 Is Not Submitted Yet. |
| 6 | Payment | type PMT PAN VoucherNo and SMS to 32024 (e.g PMT 304567895 249561) | Date:2073.06.01 Amount:10000.00 Payment for: VAT |
| 7 | Arrear | type ARR PAN and SMS to 32024(e.g. ARR 304567895 ) | Excise: 0 IncomeTax: 10000 VAT: 5000 |
| 8 | Help | Type HELP and SMS to 32024 | Reg - Registration Retit - Income Tax Return Retvat - Vat Return PMT - Voucher Payment Arr - Arrear Est - Estimated Return |

**पुनश्चः** हाललाई एस.एम.एस. सेवा नेपाल टेलिकमका प्रयोगकर्ताहरुले प्रयोग गर्न सक्नेछन् ।

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
चुडामणि शर्मा

**संयोजन**
दीपक अधिकारी

**सल्लाहकार**
चन्द्रकला पौडेल
धनिराम शर्मा
राजेन्द्रकुमार पौडेल
प्रेमशरण श्रेष्ठ

**सम्पादन समूह**
देवनारायण पौडेल
शिवलाल तिवारी
विनया पोखरेल
अर्जुनप्रसाद भट्टराई
सूर्य सुर्खाली